# कनकासुन्दरी गाउँपालिका

## विराट सिंजा,जुम्ला

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः२०८१/०३/१०

## भाग-२

## कनकासुन्दरी गाउँपालिका जुम्ला

### शिक्षकहरुका लागि खाजा खर्च अनुदान व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०

प्रस्तावनाः

नेपाल सरकारले सामुदायीक विद्यालयमा अध्ययनरत आधारभूत तह तथा माध्यमिक तहसम्मका विद्यार्थिहरुलाई नियमित पार्न, पठन पाठन गुणस्तरिय बनाउन, विद्यार्थिहरुलाई विद्यालयमा नै टिकाई राख्न तथा शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रम सन्चालन गर्दै आइरहेको छ । तर सामुदायीक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि भने खाजा कार्यक्रम छैन । शैक्षिक गुणस्तर सुधारमा अहम भूमिका खेल्ने शिक्षकहरुलाइ प्रोत्शाहन स्वरुप खाजा खर्च दिदा शैक्षिक क्रियाकलाप प्रभावकारी तथा गुणस्तरिय रुपमा सन्चालन गर्न झन बढी उत्प्रेरित हुने कुरा महसुस गरि खाजा कार्यक्रम सन्चालन गर्न आवश्यक ठानिएको हो । यसर्थ स्थानिय सरकार संचालन ऐन

२०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि कनकासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १ प्रारम्भ तथा परिभाषाः

**१.१संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम “सामुदायीक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि खाजा खर्च अनुदान व्यवस्थापन कार्यविधि २०८०” रहने छ ।यो कार्यविधि कनकासुन्दरी गाउँपालिका गाउँकार्यपालिका बाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

**१.२) परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. "नियमावली " भन्नाले कनकासुन्दरी गाउँपालिका शिक्षा नियमावली २०८०” सम्झनु पर्दछ ।

२." कार्यविधि"भन्नाले सामुदायीक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि खाजा खर्च अनुदान व्यवस्थापन कार्यविधि २०८०सम्झनु पर्दछ।

३. " कार्यपालिका" भन्नाले कनकासुन्दरी गाउँ कार्यपालिकालाइ सम्झनु पर्दछ ।

४. " गाउँ शिक्षा समिति " भन्नाले शिक्षा ऐनको नियम १२ (१) बमोजिम गठित कनकासुन्दरी गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

५. " शाखा " शाखा भन्नाले कनकासुन्दरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

६. " व्यवस्थापन समिति " भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

७. " सामुदायिक विद्यालय " भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत विद्यालय सम्झनु पर्दछ ।

८. "स्थानिय तह" भन्नाले कनकासुन्दरी गाउँपालिका सम्झनु पर्दछ ।

९. " अनुदान " भन्नाले शिक्षक खाजाअनुदानलाइ सम्झनु पर्दछ ।

१०."अनुदान प्राप्त गर्ने शिक्षक " भन्नाले सामुदायीक विद्यालयमा कार्यरत स्थायी अस्थायी राहतकरार र बालविकास लगायत अन्य कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

११.“कर्मचारी “ भन्नाले विद्यालयमा कार्यरत विद्यालय कर्मचारी तथा सहायक कर्मचारी लाई सम्झनु पर्दछ ।

## परिच्छेद २: उद्देश्य , बजेट सिमा तथा औचित्यः

**२.१ उद्देश्यः** यो कार्यविधि जारि गर्नुको उद्देश्य देहायअनुसार रहेको छ

क) शिक्षकलाइ गुणस्तरिय शिक्षण सिकाइका लागि उत्प्रेरित गर्नु ।

ख) विद्यालयमा शिक्षकको नियमितताका साथै प्रभावकारी शिक्षण गर्नु ।

ग) शैक्षिक गुणस्तरीय  शिक्षामा सहज पहुँचको आधार तयार गर्नु ।

**२.२ बजेट र सिमाः** कनकासुन्दरी गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा हो ।

**२.३ औचित्यः** कनकासुन्दरी गाउँपालिकाले यो कार्यविधि लागु गर्नाको औचित्य देह।

क) विद्यालयमा खाजा खाने व्यवस्था नहुने, खाजा खान वरपरको क्षेत्रमा जानु पर्ने बाध्यता हुने जसले थप समय खर्च शिक्षण सिकाइमा प्रभाव पर्ने कुरालाई न्यून गर्न ।

ख) प्रधानाध्यापक शिक्षक तथा कर्मचारीलाई आफ्नो दायित्व प्रति थप जिम्मेवार र उत्तरदायी बनाउन ।

## परिच्छेद-३: अपेक्षित उपलब्धिहरुः

**३.१ गाउँपालिकालाई हुने अपेक्षित उपलब्धिहरुः** कनकासुन्दरी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायीक विद्यालयमा कार्यरत प्रधानाध्यपक, शिक्षक तथा कर्मचारीलाई खाजा खर्च अनुदान दिने कार्यविधि लागु भएपछि यस बाट देहाय अनुसारका उपलब्धिहरु यस गाउँपालवका लाई हाँसील हुनेछन ।

क) प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादनमा सुधार भई काम प्रभावकारी ढंगले सम्पादन भएको हुनेछ ।

ख) विद्यालयका सम्पूर्ण प्रशासनिक गतिविधिहरु छिटो छरितो रुपमा सम्पादन भएका हुनेछन ।

ग) शिक्षण सिकाइ क्रियाकलापहरु सन्चालन गर्ने समयमा बढोत्तरी भएको हुनेछ ।

घ) सेवा प्रवाह प्रक्रियामुखी नभएर नतिजामुखी हुनेछ ।

ङ) विद्यालयमा सन्चालन हुने पम्पूर्ण शैक्षिक गतिविधिहरु प्रभावकारी रुपमा सन्चालन भई शैक्षिक गुणस्तर वृद्धि भएको हुनेछ ।

**३.२ शिक्षक तथा कर्मचारीलाई हुन सक्ने उपलब्धिहरुः** यो कार्यविधि लागु भएपछि प्रधानाध्यपक, शिक्षक तथा कर्मचारीहरुमा देहाय बमोजिमका व्यक्तिगत फाईदा तथा उपलब्धिहरु हाँसिल हुने देखिन्छ ।

क) शिक्षक तथा कर्मचारीहरुको मनोबल उच्च हुने ।

ख) कामको उचित मूल्याङ्कन भएको बोध हुने ।

ग) विद्यालयको प्रशासनिक व्यवस्थापकिय तथा शैक्षिक गतिविधि सन्चालन गर्न प्र अ शिक्षक तथा कर्मचारीहरु उत्शाहित हुने ।

घ) आफ्नो पेशामा थप अनुशासासित परिश्रमी इमान्दार तथा लगनशिल जस्ता गुणको विकास हुने ।

ङ) थोरै भएपनि आर्थिक आम्दानि हुने ।

## परिच्छेद - ४: अनुदान वितरणको आधारहरुः

४.१ अनुदान वितरणको आधारहरु : शिक्षक खाजा अनुदान वितरण गर्ने आधारहरु ।

क) विद्यालय व्यबस्थापन समितिबाट नियुक्ति भइ विद्यालयमा नियमित सेवामा रहेका शिक्षक ।

ख) विद्यालयको शैक्षिक व्यबस्थापन सुचना प्रणालीमा प्रविष्ट भएका शिक्षक ।

ग) अस्थायी तथा करार भए विद्यालय ब्यबस्थापन समितिबाट बढीमा करार सम्झौता भएका शिक्षक ।

घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्र.अ ले हाजिरी प्रमाणीत गरी त्योकीएको दिनको रकम मात्र निकासा गर्ने ।

४.२ परिच्छेद ४.१ बमोजिमका आधारहरु पुरा गरेका शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाइ तपशिलको रकम उपलब्ध गराउन सकि

क) कनकासुन्दरी गाउँपालिका भित्र कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरु लाइ जम्मा विद्यालय खुलेको दिन मध्ये हाजिर प्रमाणितका आधारमा १८० दिनको प्रतिदिन रु ५० का दरले खाजा खर्च अनुदान उपलब्ध गराउने छ ।

## परिच्छेद - ५: कार्यक्रमको अनुगमनः

७.१ कार्यक्रमको अनुगमन : कार्यक्रमको अनुगमन कनकासुन्दरी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा बाट गरिनेछ ।

**परिच्छेद - ८: बाधा अड्चन फुकाउ तथा खारेजी र बचाउः**

८.१ परिच्छेद ६.१ बमोजिम नियुक्त शिक्षकले गाउँपालिकाको शिक्षण सहयोग अनुदान शिर्षकबाट निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

८.२ यस कार्यविधि अनुसारको कार्यान्वयनमा केहि बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ ।

८.३ खारेजी र बचाउ : यस कार्यविधि जारी हुनु पुर्व भएका सम्पूर्ण कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले:
टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत